## धरान उपमहानगरपालिका

## स्थानीय राजपत्र

खण्डः १ धरान उपमहानगरपालिकाद्वारा प्रकाशित संख्याः २
मितिः २०७५।१२।१५

**भाग २**

**धरान उपमहानगरपालिका**

# आदिबासी जनजाति विकास समिति संचालन निर्देशिका, २०७५

आज्ञाले
विनोद कुमार पोखरेल
नि. प्रमुख प्रशासकीय अधिकृत

**<u>प्रस्तावनाः</u>**

धरान उपमहानगरपालिका क्षेत्रमा थुप्रै जातजातिका मानिसहरु बसोबास गर्ने गर्दछन । बसोबासको हिसावले यहाँ आदिबासी जनजातिहरुको बाहुल्यता रहेको छ । पछिल्लो समयमा राज्यवाट सबै पछाडी परेका जातजाति तथा वर्गको विकासकालागि पनि कार्यक्रमहरु राख्नुपर्ने साथै वजेट विनियोजन हुनु पर्ने प्रावधान राखे सँगै धरान उपमहानगरपालिकाले पनि आफनो नगर क्षेत्रमा बसोबास गर्ने सबै जातजाति तथा वर्गको विकासका लागि वजेट विनियोजन गर्दै आएको र सोही अनुरुप आदिबासी जातजाति विकासका लागि समेत वजेट विनियोजन साथै खर्च गर्दै आएको छ । यसरी आदिबासी जातजाति विकासका लागि विनियोजन गरिएको रकमको सही सदुपयोग गर्न साथै लक्षित वर्गका कार्यक्रमहरु साँच्चै लक्षित वर्गसम्म पु¥याई त्यस्ता वर्गको जीवन स्तर सुधारका लागि सहयोग पु¥याउन र धरान उपमहानगरपालिकालाई जनजाति विकास सम्वन्धी नीतिहरु तय गर्न आवश्यक सहयोग पु¥याउन मिति २०७५।०५।३० गतेको नगर कार्यपालिकावाट एक आदिबासी जातजाति विकास समिति गठन गरेकाले उक्त समितिका काम कार्वाहीलाई व्यबस्थित वनाउन धरान उपमहानगरपालिकाको प्रशासकीय कार्यविधि ( नियमित गर्ने ) ऐन २०७५ को दफा ४ अनुसार यो निर्देशिका वनाई धरान उपमहानगरपालिकाको मिति २०७५।०५।३० को कार्यपालिकाको बैठकवाट स्वीकृत गरी लागू गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यस निर्देशिकाको नाम **धरान उपमहानगरपालिका, आदिबासी जनजाति विकास समिति सन्चालन निर्देशिका** २०७५ रहनेछ ।

ख) यो निर्देशिका धरान उपमहानगरपालिकाको कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषा : विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :**

क) <u>समिति</u> भन्नाले **धरान उपमहानगरपालिकावाट गठन भएको आदिबासी जातजाति विकास समिति** सम्झनु पर्छ ।

ख) <u>नगरपालिका</u> भन्नाले धरान उपमहानगरपालिका सम्झनु पर्छ ।

ग) <u>कार्यपालिका सदस्य</u> भन्नाले धरान उपमहानगरपालिकाको कार्यपालिकाका सदस्यलाई सम्झनु पर्छ ।

घ) प्रदेश भन्नाले १ नं. प्रदेश सम्झनु पर्छ ।

ङ) नगर प्रमुख भन्नाले धरान उपमहानगरपालिकाको नगर प्रमुखलाई बुझाउने छ । यो शब्दले नगर प्रमुख नरहेको अबस्थामा नगर प्रमुखको जिम्मेवारी पाएको व्यक्तिलाई समेत बुझाउने छ ।

छ) सम्वन्धित महाशाखा भन्नाले धरान उपमहानगरपालिकाको सामाजिक विकास महाशाखा सम्झनु पर्ने छ ।

## ३. समिति गठन र उद्देश्य :

(क) आदिबासी जातजाति विकास समितिको गठन :

धरान उपमहानगरपालिका, नगर कार्यपालिकाका कुनै सदस्यको संयोजकत्वमा आदिबासी जातजाति समुदायको भाषा, लिपि, संस्कार संस्कृति र अन्य विषयमा ) विशेष योगदान पुऱ्याएका व्यक्तिहरु मध्येवाट मनोनयन गरी नगर कार्यपालिकाले आदिबासी जातजाति विकास समिति गठन गर्न सक्ने छ । यसरी गठन गर्दा धरानमा रहेका सबै आदिबासी जातजातिहरुको प्रतिनिधित्व हुने कुरामा ध्यान दिनु पर्ने छ ।

(ख) आदिबासी जातजाति विकास समिति गठन गर्नुको उद्देश्य:

१. धरान उपमहानगरपालिकावाट आदिबासी जातजाति विकासका लागि विनियोजन भएको रकमको सही सदुपयोग गर्दै लक्षित वर्गको बजेट साच्चिकै लक्षित वर्ग सम्म पुऱ्याउनु ।

२. आदिबासी जातजाति विकासका लागि सही नीति तथा योजनाहरु बनाउनु ।

३. सेवा सुविधामा सहज पहुच नभएका आदिबासी जातजातिहरुको पनि राज्यवाट उपलब्ध सेवा तथा सुविधामा सहज हिसावले पहुँच पुऱ्याउनका साथै परिवर्तनको अनुभूति दिलाउनु ।

४. राज्य सन्चालन प्रकृयामा सबै वर्ग र क्षेत्रको सहभागिता पुऱ्याउनु ।

५. नगरको विकासमा आदिबासी जनजातिहरुको भूमिकालाई संस्थागत गर्नु ।

६. संघ र प्रदेशवाट धरान उपमहानगरपालिका क्षेत्रमा आदिबासी जातजाति विकासका लागि विनियोजन भएका कार्यक्रम तथा वजेटलाई उद्देश्यमूलक ढंगले कार्यान्वयन गराउनु तथा अनुगमन गर्नु ।

## ४. समितिका काम कर्तव्यहरु

क) नगरपालिकाले आदिबासी जातजाति विकासका लागि विनियोजन गरेको वजेटवाट जातजाति विकासका के कस्ता कार्यक्रमहरु आयोजना गर्ने भनी सरोकारवालहरु सँग छलफल र समन्वय गरी कार्यक्रमहरु तय गर्ने , स्वीकृत गर्ने र कार्यक्रम सन्चालनको व्यबस्था गर्ने ।

ख) आदिबासी जनजाति विकासका कार्यक्रमहरु कुनै जातीय संघ संस्था मार्फत गर्नु पर्ने भएमा त्यस्तो संस्था छनौट गर्ने र सम्झौता गरी कार्यक्रम सन्चालन अनुमति दिने साथै त्यस्ता कार्यक्रमहरुको अनुगमन गर्ने ।

ग) आदिबासी जातजाति विकासका कार्यक्रमहरुका लागि प्रदेश सरकार र संघीय सरकारसँग समेत समन्वय गरी कार्यक्रमहरु माग गर्ने साथै स्वीकृत भएमा त्यस्ता कार्यक्रमहरु सन्चालन गराउने ।

घ) आदिबासी जनजाति विकासका लागि के कस्ता नीतिहरुको आवश्यकता पर्दछ सो तयार गरी नगरपालिका समक्ष पेश गर्ने ।

ङ) धरान १४ विजयपुरमा निर्माणाधिन अबस्थामा रहेको बहुजातीय सँग्राहलयको निर्माण सम्पन्न गर्न आवश्यक वजेटका लागि सम्वन्धित संघ र प्रदेशमा स्थानीय सरकार मार्फत् पहल गरी चाँडै निर्माण सम्पन्न गरी सन्चालन गर्ने व्यबस्था गर्ने ।

च) विभिन्न आदिबासी जातजातिहरुको भाषा, धर्म, लिपि तथा कला र संस्कृतिहरुको जगेर्ना गर्न आवश्यक नीति वनाउने साथै कार्यक्रमहरु तयार गरी सहयोग गर्ने ।

छ.) धरान उपमहानगरपालिकाका विभिन्न वडावाट आदिबासी जातजाति विकासका लागि विनियोजन भएको रकमवाट सही कार्यक्रमहरु सन्चालन गर्न वडाहरुसँग समन्वय र सहकार्य गर्ने ।

ज) धरान १४ स्थित पन्चकन्या वनक्षेत्रमा रहेको ऐतिहासिक विजयपुर दरवार क्षेत्रको संरक्षण तथा सम्वर्द्धन गर्न आवश्यक समन्वय गर्ने साथै आवश्यक कामहरु गर्ने ।

झ) धरान क्षेत्रमा आदिबासी जातजाति विकासका लागि आवश्यक कार्यक्रम तथा वजेटका लागि संघीय सरकार तथा प्रदेश सरकार सँग समन्वय र सहकार्य गर्ने ।

## ५. कार्यकम छनौट गर्ने विधि :

समितिले आदिवासी जातजाति लक्षित कार्यक्रमहरु छनौट तपसिल अनुसार गर्ने छ ।

क) आदिवासी जातजाति विकासका कार्यक्रमहरु छनौट गर्दा धरानमा रहेका सबै जातजातिहरुलाई समेटिने गरी कार्यक्रमहरु छनौट गरिने छ ।

ख) त्यसरी कार्यक्रम छनौट गर्दा सम्वन्धित जातीको जातीगत संस्थासँग समेत आवश्यक समन्वय गरिने छ ।

ग) कार्यक्रमहरु सकेसम्म पछाडि परेका व्यक्तिहरुको जीवन स्तर उकास्ने प्रकारका अर्थात् त्यस्ता वर्गको आय आर्जन हुने वा आर्थिक विकासमा टेवा पुर्‍याउने खालका छनौट गरिने ।

घ) आर्थिक अबस्था कमजोर भएका जनजातिहरुको अबस्था उकास्न अर्थात दिगो विकास लक्ष्य अनुरुप गरिवीको रेखामुनि रहेकाहरुको लागि प्राथमिकता दिइने छ । समितिले आवश्यकता ठानेमा विउ पूँजी समेत उपलब्ध गराउन सक्ने छ ।

## ६. संस्था मार्फत कार्यक्रम सन्चालन गर्न सकिने :

आदिबासी जातजाति विकासका लागि विनियोजन भएको रकमवाट कुनै पनि आदिबासी जातजातिका क्षेत्रमा क्रियाशील जातिगत संस्था मार्फत् पनि कार्यक्रमहरु सन्चालन गर्न सकिने छ । त्यसका लागि तपसिल अनुसारको प्रकृया पूरा गर्नुपर्नेछ ।

क) छनौट भएको कार्यक्रम सन्चालन गर्न ईच्छुक संघ संस्थाबाट प्रस्ताव माग गर्ने र निर्धारित समयमा पेश भएका प्रस्ताबहरु मध्ये उत्कृष्ट प्रस्ताब पेश गर्ने संस्थाको प्रस्ताव स्वीकृत गर्ने ।

ख) प्रस्ताब स्वीकृत भएको संस्था सँग कार्यक्रम सन्चालन सम्वन्धमा सम्झौता गर्ने ।

ग) त्यस्ता संस्था मार्फत् सन्चालन भएका कार्यक्रमहरुको अनुगमन जातजाति विकास समितिले गर्ने छ ।

घ) सम्झौता अनुसारको काम सम्पन्न भैसकेपछि प्रतिवेदन सहीत विल भौचर माग गरी भुक्तानीका लागि सिफारिस गरिने छ ।

**७. यसै निर्देशिका अर्न्तगत भएको मानिने :**

धरान उपमहानगरपालिकाबाट यस अघि गठन भएको आदिबासी जातजाति विकास समिति यसै निर्देशिका अनुसार गठन भएको मानिने छ । साथै सो समितिवाट यस अघि भएका काम कार्वाहीहरु समेत यसै निर्देशिका अनुसार भएको मानिने छ ।

**८. नगरपालिका प्रति उत्तरदायी हुने :**

यस आदिबासी जातजाति बिकास समितिले गरेका सम्पूर्ण काम कार्वाहीहरु नगरपालिकाप्रति उत्तरदायी रहेको मानिने छ ।

**प्रमाणीकरण गर्ने**

दस्तखत :

नाम, थर : विनोद कुमार पोखरेल

पद : नि. प्रमुख प्रशासकीय अधिकृत

प्रमाणीकरण मिति : २०७५।१२।१२